# आर्थिक बर्ष २०७५/०७६ को
# बजेट बक्तव्य

## जनकपुरधाम उपमहानगरपालिका

# प्रदेश नं २

## जनकपुरधाम, धनुषा

९ असार २०७५

जनकपुरधाम उपमहानगरपालिकाको नगर सभा वैठकमा २०७५ साल असार ९ गते
नगर उपप्रमुख श्री रिता कुमारी मिश्रले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७५/०७६ को
# बजेट बक्तव्य

# जनकपुरधाम उपमहानगरपालिका

## प्रदेश नं २

जनकपुरधाम, धनुषा

९ असार २०७५

**नगर सभाका आदरणिय सभाध्यक्ष तथा सभासदस्यज्यूहरु,**
**सर्वप्रथम त आजको यस गरिमामय नगर सभा बैठकमा  यहाँहरुलाई हार्दिक स्वागत गर्दछु ।**

१) आगामी आर्थिक बर्ष २०७५/७६ को लागि यस जनकपुरधाम नगर क्षेत्रको आय र व्ययको विवरण प्रस्तुत गर्ने अवसर पाउँदा अत्यन्तै खुशी एवं गौरवको अनुभूति गरेको छु ।

२) यस ऐतिहाँसिक घडीमा संघीय लोकतान्त्रीक गणतन्त्र नेपाल स्थापनामा महत्वपूर्ण भूमिका निभाउने क्रममा तथा बिभेदरहित र सर्वस्वीकार्य संविधान वनाउने अभियानमा सहादत प्राप्त गर्नुभएका संपूर्ण ज्ञात/अज्ञात वीर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहान्छु र  वीरगति प्राप्त गर्ने सहिद परिवारजन एवं आन्दोलनमा घाइते भई अंगभंग हुनु भएका योद्धाहरु प्रति उच्च सम्मान ब्यक्त गर्न चाहन्छु ।

३) २०६३ साल देखि पटक पटक भएका मधेश आन्दोलन र २०७२ सालमा भएको ऐतिहासिक अनिश्चितकालीन तर्राई मधेश आमहड्तालले उठान गरेका बिषयहरु परिपूर्ण गर्ने लडाईमा अझै हामीहरु क्रियाशिल रहँदै आएका छौ ।

४) उपमहानगरको शासन व्यवस्था सञ्चालनका लागि आवश्यक प्रशासनिक संरचनाहरु तयार भैनसकेको तथा दक्ष जनशक्तिको कमि रहेकोले उपलब्ध स्रोत साधनको कुशल विनियोजन गर्ने विकास आयोजना तथा कार्यक्रमको दक्षतापूर्वक कार्यान्वयन र अनुगमन गर्ने तथा नागरिक सेवा प्रवाहलाई सुनिश्चित गर्नु चूनौतीपूर्ण देखिएको छ ।

५) नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेको स्थानीय तहको सरकारको अधिकारको शासकिय अभ्यास गर्ने क्रममा हाम्रो सिमित आन्तरिक स्रोत तथा संघीय र प्रादेशिक सरकारवाट प्राप्त भएको वित्तिय हस्तान्तरण नै हाम्रो प्रमुख आम्दानीका स्रोतहरु हुन ।यी आम्दानीका स्रोतहरुको कुशल एवं मितव्ययी विनियोजन गरि नागरिकका विकास र परिवर्तनका चाहानाहरुलाई संवोधन गर्नुपर्ने अवस्था छ ।

६) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तोकेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरुको क्रियाशिलतामा टेवा पुग्ने गरी सम्भव भएसम्म सबै बिषयगत क्षेत्रमा समानुपातिक एवं न्यायोचित रुपमा बजेट विनियोजन गर्ने प्रयत्न गरिएको छ ।

७) बजेट तर्जुमा गर्ने क्रममा बढी से बढी नागरिकहरुको सहभागिता होस तथा बजेट तर्जुमा तथा विनियोजन कुशलता होस भन्नाका लागि जनप्रतिनिधिहरु र सरोकारवाला तथा विज्ञहरुको सुझावहरुलाई समावेश गरिएको छ ।

८) उपमहानगर क्षेत्रको समग्र आर्थिक, सामाजिक, भौतिक, जानसांख्यिक लगायतका वस्तुस्थिति झल्काउने आधिकारीक तथ्याङ्कहरु उपलब्ध हुन सक्ने अवस्था नरहेकोले कुन क्षेत्रमा लगानी केन्द्रीत हुनुपर्ने हो त्यसको अध्ययन नै गर्नुपर्ने भएकोले आगामी बर्ष त्यस्ता अध्ययनमा बजेट विनियोजन गरिएको छ अध्ययन प्रतिवेदनका आधारमा आगामी वर्षहरुमा वजेट तर्जुमा

प्रकृयालाई थप परिस्कृत गर्ने गरी हाललाई पहिले देखि कै बजेट तर्जुमा अभ्यासलाई पछ्याउँदै बजेट तर्जुमा गरिएको छ ।

९) उपमहानगरपालिकाका २५ वटै वडाहरुवाट प्राप्त भएका बस्तीस्तरका योजनाहरु तथा प्रमुख प्राथमिकता प्राप्त नगरस्तरीय योजनाहरुलाई समेटेर बजेट तर्जुमा गरिएको छ ।

१०) आर्थिक बर्ष २०७४/०७५ मा कार्यक्रममा परेका तर विविध कारणले कार्यान्वयन तथा सम्पन्न हुन नसकेका आयोजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ ।

## आदरणिय सभाध्यक्ष तथा सदस्यज्यूहरु,

११) आगामी आर्थिक बर्ष २०७५/०७६ को बजेटको उद्देश्य तथा प्राथमिकताहरु देहाय अनुसार हुनेछन् ।

### उद्देश्यहरुः

- नगरक्षेत्रका वासिन्दाहरुमा स्थानीय सरकारको अनुभूति दिलाउने ।
- नागरिकका विकासका आकांक्षाहरुको संवोधन गर्न क्रियाशिल रहने ।
- गरिव एवं पछौटेपनमा रहेका जनताहरुको बिशेष संरक्षण गर्ने ।
- स्वच्छ एवं समृद्ध जनकपुरधामको आधारशिला खडा गर्ने ।
- चुस्त, दुरुस्त एवं प्रभावकारी नागरिक सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने ।

### प्राथमिकताहरु

- सड्क, नाला, खानेपानी लगायतका भौतिक पूर्वाधारको विकास गर्ने ।
- शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका सामाजिक पूर्वाधारको विकास गर्ने ।
- ऐतिहाँसिक, धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण सम्वर्द्धन तथा सौन्दर्यीकरण गरी आन्तिरिक तथा बाह्य पर्यटन प्रवद्धन गर्ने ।
- महिला, वालवालिका, दलित, अपाङ्ग, मुस्लिम, अल्पसंख्यक एवं आर्थिक र सामाजिक रुपले पिछडिएको वर्गको सामाजिक संरक्षण गर्ने ।
- सिपमूलक तालिम एवम उद्यमशिलताको विकास मार्फत रोजगारी सृजना गर्ने ।

## आदरणिय सभाध्यक्ष तथा सदस्यज्यूहरु

१२) अव म बजेटको उद्देश्य एवं प्राथमिकताका आधारमा बजेटले लक्ष्य गरेका प्रमुख क्षेत्रहरुको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

१३) जनकपुरधाम उपमहानगरपालिकाको आम्दानीको श्रोतलाई वृद्धि गर्दै विकास आवश्यकताको सुनिश्चित गर्न संघ र प्रदेश सरकारवाट प्राप्त वित्तिय हस्तान्तरणको सदुपयोग गर्दै नगरको आन्तरिक राजस्व परिचालनमा जोड दिईनेछ ।

१४) नगरको शासन व्यवस्था सञ्चालन गर्ने सन्दर्भमा आवश्यक कानूनहरु निर्माण तदारुकताका साथ गरिनेछ । यसका लागि आवश्यकताका आधारमा विज्ञहरुको परामर्श सेवा प्राप्तिका लागि आवस्यक रकम विनियोजन गरेको छु ।

१५) नगरको कार्य जिम्मेवारी निर्वाहका लागि संगठन संरचना , जनशक्ति र श्रोत व्यवस्थापनको लागि संघीय सरकारसंग निरन्तर समन्वय गरिनेछ ।

१६) नगरको अल्पकालिन, मध्यमकालीन तथा दीर्घकालीन रणनीतिक योजना तयार गरि त्यसको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा गर्ने परिपाटी विकास गरिनेछ । रणनीतिक योजना निर्माण गर्न विज्ञ परामर्शको लागि आवास्यक रकम विनियोजन गरेको छु ।

१७) नागरिकलाई अत्यावश्यक सेवा २४ से घण्टा उपलब्ध गराउने गरि टोल फ्रि नंवर र हटलाईन टेलिफोन सहितको सेवा कक्ष उपमहानगरपालिकामा स्थापना गर्न केहि रकम विनियोजन गरेको छु ।

१८) दैवी विपत्तिमा परेका नागरिकहरुको राहत तथा पुर्नःस्थापनाको लागि नगर दैवी प्रकोप उद्धार कोष स्थापना गरिनेछ । यसको लागि रु.५० लाख रकम विनियोजन गरेको छु ।

## शिक्षाः

१९) नगर भित्रका प्रत्येक सामुदायिक विद्यालयमा प्रतिस्पर्धाका आधारमा एक जना दलित छात्रालाई विद्यालय अवधिभर छात्रवृत्ति उपलब्ध गराउने गरी **“मेयर दलित छात्रवृत्ति कार्यक्रम”** सञ्चालन गर्न रकम विनियोजन गरेको छु ।

२०) प्रारम्भिक वाल विकास शिक्षा, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, पाठ्य सामग्री तथा पाठ्यपुस्कक शैक्षिक पूर्वाधार लगायत शैक्षिक क्षेत्रको प्रशासनिक खर्च समेतको लागि रु.३३ करोड ८० लाख विनियोजन गरेको छु ।

२१) साक्षरता अमियान संचालन गरी ५ वर्ष भित्र नगर क्षेत्रमा सबै किसिमका निरक्षरता उन्मुलन गर्न रु. १५ लाख विनियोजन गरेको छ ।

२२) प्रारम्भिक वाल विकास शिक्षा अन्तरगत खेल्दै सिक्ने केन्द्र संचालन र व्यवस्थापनमा रु.५ लाख विनियोजन गरेको छ ।

## आधारभूत स्वास्थ्य तथा सरसफाईः

२३) आधारभूत स्वास्थ्य तथा सरसफाई कार्यक्रम अन्तरगत आधारभूत स्वास्थ्य प्रजनन स्वास्थ्य सरसफाई पोषण औषधी स्वास्थ्य शिक्षा तथा जनचेतना पूर्वाधार विकास आयुरवेद र प्रशासनिक खर्चहरुको लागि रु. ४ करोड २५ लाख विनियोजन गरेको छु ।

२४) ल्याण्ड फिल सीईट व्यवस्थापनको लागि रु. २ करोड विनियोजन गरेको छु ।

## सड्क तथा अन्य पूर्वाधार विकासः

२५) उपमहानगरपालिकाका २५ वटै वडामा वडास्तरिय योजनाहरु संचालन गर्न रु. १२ करोड ७५ लाख विनियोजन गरेको छु । त्यसै गरी नगरस्तरीय सड्क तथा नाली निर्माण तथा मर्मतको लागि रु. ९ करोड विनियोजन गरेको छु ।

२६) नगरभित्रका राजमार्गहरुमा सड्क बत्ति जडान ट्राफिक संकेत व्यवस्थापन आदी कामको लागि रु. २ करोड रकम विनियोजन गरेको छु ।

२७) नगरका मूल चोकहरुमा ओभर हेड ब्रिज निर्माण र नगर प्रवेश विन्दुमा शहिद द्वार निर्माण गर्न रु. १ करोड विनियोजन गरेको छु ।

२८) सोलर बत्ती जडान मा रु. ६ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

२९) एकिकृत शहरी विकास आयोजना अन्तरगतको सडक विस्तार आयोजना पुरा गर्न पारिस्परिक कोष समेतका लागि रु.८२ करोड रकम विनियोजन गरेको छु ।

## कृषि पशुपालन तथा सहकारी :

३०) कृषि पशुपालन तथा सहकारी क्षेत्रको विकास र प्रशासनिक खर्चवापत रु रु.३६ लाख विनियोजन गरेको छु ।

## जेष्ठ नागरिक अपाङ्ग र अशक्त व्यक्तिहरुको व्यवस्थापनः

३१) जेष्ठ नागरिक अपाङ्ग र अशक्त व्यक्तिहरुको सामाजिक सुरक्षा खर्च अन्तरगत रु. २० करोड विनियोजन गरेको छु ।

## भाषा, संस्कृति, कला र सम्पदाको संरक्षणः

३२) मैथिली भाषा, संस्कृति, कला र ऐतिहाँसिक एवं धार्मिक सम्पदाको संरक्षणको लागि आवस्यक रकम विनियोजन गरेको छु ।

३३) जनकपुरधाम नगर सरकारको छुटै पहिचान झल्कने गरि पदाधिकारी तथा कर्मचारीहरुको देहाय वमोजिम ड्रेस कोड तय गरिनेछ । र सोको लागि आवश्यक रकम निवियोजन गरेको छु ।

**पुरुषको लागि**

**र्सट/कूर्ता - केसरीया रंग**

**पाइन्ट- निलो**

**महिलाको लागिः-**

**साडि/कूर्ता- केसरीया जमिन र निलो वोर्डर**

**पाइजामा- निलो**

## खेलकूद विकासः

३४) खेलकूद तालिम सामग्री वितरण खेलकूद पूर्वाधार निर्माण लगायतका खेलकूद क्षेत्रको विकासको लागि केहि रकम विनियोजन गरेको छु ।

## अन्य कार्यक्रम

३५) उपमहानगरको योजना तथा वजेट तर्जमाको लागि नगर प्रोफाइल तयार गर्न रु.२५ लाख विनियोजन गरेको छु ।

## गत आर्थिक बर्ष २०७३/०७४ को यथार्थ आय व्ययको विवरणः

३६) गत आगामी आर्थिक बर्ष २०७३/०७४ मा आय तर्फ रु. ७९ करोड २६ लाख ४७ हजार मात्र आम्दानी भएको र व्ययतर्फ रु. ७९ करोड २६ लाख ४७ हजार यथार्थ खर्च भएको छ ।

## चालु आर्थिक बर्ष २०७४/०७५ को संशोधित आय व्ययको विवरणः

३७) चालु आर्थिक बर्ष २०७४/०७५ मा रु. १ अर्ब ७४ करोड ५१ लाख ४० हजार को संशोधित आय प्रक्षेपण गरिएकोमा रु. १ अर्ब ७४ करोड ५१ लाख ४० हजार खर्च हुने संशोधित अनुमान प्रस्तुत गर्न चाहान्छु ।

## कूल बजेट विनियोजन र सो वेहोरीने स्रोतको अनुमान :

३८) आदरणिय सभाध्यक्ष तथा सदस्यज्यूहरु अव म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनको लागि आवस्यक कूल बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

३९) आगामी आर्थिक बर्ष २०७५/७६ को लागि तय गरिएका बार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. २ अर्व २६ करोड ४७ लाख ६१ हजार विनियोजन गरेको छु ।कूल विनियोजन मध्ये चालुतर्फ रु. ४१करोड ८६ लाख ८५ हजार अर्थात १८.४९ % र पूँजिगततर्फ रु. १ अरब ८४करोड ६० लाख ७६ हजार अर्थात ८१.५१ % रहनेछ ।

४०) आगामी आर्थिक बर्ष २०७५/७६ को उक्त खर्च वेहोरिने स्रोत मध्ये आन्तरिक राजस्ववाट रु. ३२ करोड ७७ लाख ८९ हजार राजस्व बाँडफाँडवाट रु. १६ करोड ५६ लाख ८३ हजार संघीय सरकारको वित्तिय हस्तान्तरणवाट रु. ७२ करोड ३१ लाख प्रदेश सरकारको वित्तिय हस्तान्तरणवाट रु. २ कोड ५८ लाख ३२ हजार एकिकृत सहरी विकास आयोजनामा हुने विनियोजन रु. ८0 करोड सड्क बोर्डवाट रु. १ करोड गरिवसंग विश्वेश्वर कार्यक्रम तर्फ रु. ४ लाख २९ हजार युनिसेफवाट रु. २७ लाख र अन्यवाट रु. २० करोड ९२ लाख,२८ हजार बेहोरिने छ ।

## आगामी तीन बर्षको मध्यमकालीन खर्च संरचनाको प्रक्षेपणः

४१) आगामी तीन आर्थिक बर्षहरु क्रमशः २०७५/०७६, २०७६/७७, २०७७/०७८ मा यस जनकपुधाम नगरको बार्षिक कार्यक्रमहरुको कार्यान्वयन गर्न रु. २ अर्व २६ करोड ४७ लाख ६१ हजार रु. १ अर्व ३८ करोड ९३ लाख १५ हजार र रु. १ अर्व ३७ करोड १८ लाख १५ हजार प्रक्षेपण गरिएको छ । खर्च प्रक्षेपण गर्दा सम्भव भएसम्म अन्तरसरकारी वित्त हस्तान्तरण ऐन,२०७४ ले तय गरेका मध्यमकालीन खर्च संरचना तयार गर्ने आधारहरुलाई केन्द्रविन्दुमा राखेर गरिएको छ ।

## बजेटको कार्यान्वयनः

४२) बजेटका उद्देश्य तथा प्राथमिकता अनुरुपका कार्यक्रमहरु कार्यान्वयनको लागि आर्थिक बर्षको शुरुका दिन देखि नै कार्ययोजना तथा बार्षिक खरिद योजना तयार गरि बजेट कार्यान्वयन गरिनेछ र यसका लागि आवस्यक कानूनी प्रवन्धहरु गरिनेछ ।

४३) बजेट कार्यान्वयनसंग प्रत्यक्ष सरोकार भएका सबै पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि आवस्यक प्रवन्ध गरिनेछ ।

४४) कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरि पृष्ठपोषण हासिल गरिनेछ ।

## राजस्व परिचालनसम्वन्धी नीतिः

४५) नेपालको संविधानले स्थानीय तहको अधिकार सूचीमा सूचीकृत गरेको राजस्व परिचालनका अधिकार क्षेत्रहरु कै अधिनमा रहेर कर राजस्व, गैर कर राजस्व र रोयल्टी संकलनका लागि सम्भाव्य क्षेत्रहरुको  अन्वेषण गरिनेछ ।

४६) राजस्व परिचालनलाई जनताको तिर्न सक्ने क्षमता र उपमहानगरले प्रत्याभूत गर्न सकेको सेवा प्रवाहसंग तादम्यता हुनेगरी न्यायोचित तवरले व्यवस्थापन गरिनेछ ।

४७) राजस्व परिचालन नीति नगर सरकारको सेवाको संख्यात्मक र गुणात्मक बृद्धि संगसंगै राजस्वको दर, दायरा र आधार बृद्धि गर्दै जानेतर्फ परिलक्षित हुनेछ ।

४८) अन्त्यमा यो बजेट तर्जुमामा मार्गदर्शन प्रदान गर्नुहुने सबै प्रबुद्ध वर्गहरु जनप्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु र बजेटको सफल कार्यान्वयनमा सबैको साथ तथा सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद, जयमधेश ।**

# अनुसूची १

| शीर्षक | २०७३/७४ को यथार्थ | २०७४/७५ को संशोधित अनुमान | २०७५/७६ को अनुमान | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | | | | नेपाल सरकार | वैदेशिक | |
| | | | | | अनुदान | ऋण |
| राजस्व तथा अनुदान | | | | | | |
| आन्तरिक राजस्व | ६,७६,६२,८८२।२५ | १३,६८,४३,०४६।७२ | ८,०८,७०,०००|०० | | | |
| गत बर्षको नगद मौज्दात | १,१९,६०,३३१।५९ | ५,०२,९२,२८४।७२ | २४,६९,१९,०००|०० | | | |
| राजस्व बाँडफाँड | | | १६,५६,८३,०००।०० | | | |
| संघीय सरकारवाट वित्तिय हस्तान्तरण | | | | | | |
| वित्तिय समानिकरण अनुदान | १,४४,४४,०००|०० | ४९,०२,३१,०००|०० | ३२,७७,००,०००।०० | | | |
| सशर्त अनुदान | ११,३८,४३,००,०००|०० | २३,४६,२९,०००|०० | ३९,५४,००,०००।०० | | | |
| समपुरक अनुदान | | | | | | |
| विशेष अनुदान | | | | | | |
| प्रदेश सरकारवाट वित्तिय हस्तान्तरण | | | | | | |
| वित्तिय समानिकरण अनुदान | | | ५८३२०००।०० | | | |
| सशर्त अनुदान | | | २,००,००,०००।०० | | | |
| खर्च | ७९,२६,४७,६२३|०० | १,७४,५१,४०,०४६|७२ | २,२६,४७,६१,०००|०० | | | |
| चालु खर्च | २०,२०,४९,३५५|०० | ५२,२२,४१,०००|०० | ४१,८६,८५,०००|०० | | | |
| पूँजिगत खर्च | ५९,०५,९८,२६८|०० | १,२२,२८,९९,०४६|०० | १,८४,६०,७६,०००|०० | | | |
| बजेट बचत/न्यून | | | | | | |
| सामाजिक सुरक्षा अनुदान | १२,२६,२४,०००|०० | ३३,३४,५९,०००|०० | १६,३४,५३,०००|०० | | | |
| सड्क बोर्ड नेपाल | ८३,३६,७८१|०० | १,००,००,०००|०० | १,००,००,०००|०० | | | |
| UNICEF | २४,८१,८५०|०० | ७४,००,०००|०० | २७,००,०००|०० | | | |
| IUDP | ३९,०१,०१,०४७|०० | ५०९०७५०००|०० | ८०,००,००,०००|०० | | | |
| गरिवसंग विश्वेश्वर | | ४,२९,०००|०० | ४,२९,०००|०० | | | |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | | १६,७३,०००|०० | १६,७३,०००|०० | | | |
| अन्य अनुदान | ७,३१,५४,०६२|०० | २,१४,०१,०००|०० | ४,४१,०२,०००|०० | | | |
| **बाहय श्रोत जम्मा** | **७२,४९,८४,७४०|००** | **१,६०,८२,९७,०००|००** | **१,९३,६९,७२,०००|००** | | | |
| **कुल जम्मा** | **७९,२६,४७,६२३|००** | **१,७४,५१,४०,०४६|००** | **२,२६,४७,६१,०००|००** | | | |

# अनुसूची २

## राजस्व तथा अनुदान प्राप्तीको अनुमान

| शीर्षक | २०७३/७४ को यथार्थ | २०७४/७५ को संशोधित अनुमान | २०७५/७६ को अनुमान | वर्तमान स्रोतवाट | कर परिवर्तन तथा प्रशासन सुधारवाट |
|---|---|---|---|---|---|
| राजस्व तथा अनुदान | | | | | |
| आन्तरिक राजस्व | ६,७६,६२,८८२।०० | १३,६८,४३,०४६।०० | ८,०८,७०,०००।०० | | |
| **कर** | | | | | |
| घर जग्गा कर/सम्पत्ती कर | १,०६,४३,१४०।०० | १,२०,००,०००।०० | १,२२,००,०००।०० | | |
| बहाल कर | २६,५९,३७४।०० | ६०,६७,४३० ।०० | ६६,४०,०००।०० | | |
| सवारी साधन कर | २२,८१,२००।०० | ५१,९७,७७७।०० | ५६,००,०००।०० | | |
| विज्ञापन कर | २६,५२,०००।०० | १९,५५,५५५।०० | २१,००,०००।०० | | |
| व्यवसाय कर | ९५,४६,७००।०० | १,३७,००,०००।०० | १,५०,००,०००।०० | | |
| भूमी कर | ४४,२१,५९६।०० | ३५,००,०००।०० | ३८,००,०००।०० | | |
| बिटौरी कर | ७,७०६।०० | ५,०००।०० | ५,०००।०० | | |
| मनोरञ्जन कर | | १,००,०००।०० | १,००,०००।०० | | |
| घरधुरी कर | ७,०३,८५५।०० | ७,००,०००।०० | ८,००,०००।०० | | |
| **अन्य राजस्व** | | | | | |
| शुल्क. दस्तुर. दण्ड जरिवाना आदी | २,२७,८६,९७९।०० | ४,३३,२५,०००।०० | ३,४६,२५,०००।०० | | |
| गत बर्षको नगद मौज्दात | ११,९६,०३३१।०० | ५,०२,९२,२८४।०० | २४,६९,१९,०००।०० | | |
| राजस्व बाँडफाँड | | | | | |
| अनुदान | | | १६,५६,८३,०००।०० | | |
| संघीय सरकारवाट वित्तिय हस्तान्तरण | | | | | |
| वित्तिय समानिकरण अनुदान | १,४४,४४,०००।०० | ४९,०२,३१,०००।०० | ३२,७७,००,०००।०० | | |
| सशर्त अनुदान | ११,३८,४३,०००।०० | २३,४६,२९,०००।०० | ३९,५४,००,०००।०० | | |
| समपुरक अनुदान | | | | | |
| विशेष अनुदान | | | | | |
| प्रदेश सरकारवाट वित्तिय | | | | | |

| शीर्षक | २०७३/७४ को यथार्थ | २०७४/७५ को संशोधित अनुमान | २०७५/७६ को अनुमान | वर्तमान स्रोतवाट | कर परिवर्तन तथा प्रशासन सुधारवाट |
|---|---|---|---|---|---|
| हस्तान्तरण | | | | | |
| वित्तिय समानिकरण अनुदान | | | ५८,३२,०००।०० | | |
| सशर्त अनुदान | | | २,००,००,०००।०० | | |
| सामाजिक सुरक्षा अनुदान | १२,२६,२४,०००।०० | ३३,३४,५९,०००।०० | १६,३४,५३,०००।०० | | |
| सड्क वोर्ड नेपाल | ८३,३६,७८१।०० | १,००,००,०००।०० | १,००,००,०००।०० | | |
| UNICEF | २४,८१,८५०।०० | ७४,००,०००।०० | २७,००,०००।०० | | |
| IUDP | ३९,०१,०१,०४७।०० | ५०,९०,७५,०००।०० | ८०,००,००,०००।०० | | |
| गरिवसंग विश्वेश्वर | | ४,२९,०००।०० | ४,२९,०००।०० | | |
| बहुक्षेत्रीय पोषण कार्यक्रम | | १६,७३,०००।०० | १६,७३,०००।०० | | |
| अन्य अनुदान | ७,३१,५४,०६२।०० | २,१४,०१,०००।०० | ४,४१,०२,०००।०० | | |
| **बाह्य श्रोत जम्मा** | **७,२४,९८,४७४०।००** | **१,६०,८२,९७,०००।००** | **१,९३,६९,७२,०००।००** | | |
| **कुल जम्मा** | **७९,२६,४७,६२३।००** | **१,७४,५१,४०,०४६।००** | **२,२६,४७,६१,०००।००** | | |